# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश, घोराही, दाङ

| खण्ड ९ | संख्या १ | भाग २ | मिति २०८२।०१।१० गते |
|---|---|---|---|


## खानेपानी सरसफाइ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०१।०९

**प्रस्तावनाः**

घोराही उपमहामहानगरपालिका क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा प्राप्त गर्ने नागरिकको नैसर्गिक मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवा सहज रुपमा उपलब्ध गराउन भू-सतह वा भूमिगत र ढल निकास र फोहोरपानीको समुचित व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले खानेपानी तथा सरसफाइ ऐन २०७९ को परिच्छेद -३ को दफा ८ को (ग) ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपलिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम खानेपानी सरसफाइ, कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) अनुमति पत्र" भन्नाले दफा ९ बमोजिम अनुमति पत्र सम्झनु पर्छ ।

ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गर्न वा गराउन यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेका सेवा प्रदायकलाई समेत जनाउँछ ।

ग) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्छ ।

घ) "उपभोक्ता संस्था" भन्नाले खाने सरसफाइ सेवा सञ्चाल सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ ।

ङ) "खानेपानी सेवा" भन्नाले तोकिएको मापदण्ड बमोजिमको पानीको सञ्चय, स्थानान्तरण, प्रशोधन तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दीरुपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ ।

च) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरूले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेक उपयोग गर्ने खानेपानीलाई समेत जनाउँछ ।

छ) “खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यको लागि हानिकारक तत्व नभएको राष्ट्रियस्तरको खानेपानी गुणस्तर मापदण्ड बमोजिमको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ।

ज) "घरेलु उपयोग” भन्नाले पिउन, हातमुख तथा लुगाधुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनको लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ ।

झ) "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई भूमिगत वा सतही ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ।

## परिच्छेद -२

## खानेपानी तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी

### ३. खानेपानी तथा सरसफाइको अधिकारः

(१) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति यस ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई तलका अधिकारहरू हुनेछन्ः

क. स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार

ख. नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार

ग. गुणस्तरीय सरसफाइ सेवामा सहज र सुलभ पहुँचको अधिकार

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी पारस्परिक समन्वयमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ

### ४. पानीको स्रोतमा अधिकारः

(१) यस कार्यविधि तथा प्रचलित कानूनको अधीनमा, पानीको स्रोतमा घोराही उप-महानगरपालिकाको हुनेछ।

(२) कुनै व्यक्ति वा समुदायले परम्परागत रूपमा घरेलु प्रयोजनको लागि उपयोग गर्दै आएको खानेपानीमा सोही प्रयोजनको लागि त्यस्तो व्यक्ति वा समुदायको अग्राधिकार रहनेछ।

(३) कुनै खानेपानी प्रणालीबाट कुनै व्यक्ति, बस्ती, समुदाय, विद्यालय, अस्पताल, मठ, धार्मिकस्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध भएको खानेपानी सेवा अर्को वैकल्पिक व्यवस्था नभएसम्म सो खानेपानी प्रणालीबाट खानेपानी सेवाप्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ।

**५. पानीको स्रोत तथा मुहानको संरक्षणः**

(१) पानीको स्रोत तथा मुहानको संरक्षण नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको समन्वयमा हुनेछ। खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि निम्न कार्यहरू गर्नु पर्नेछः

क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरो नियन्त्रण गर्ने

ख) पानीको स्रोतलाई प्रदूषित हुन नदिन आवश्यक व्यवस्था गर्ने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने

ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त उपाय अवलम्बन गर्ने तथा नियमित रूपमा मर्मत सम्भार गर्ने

घ) पानीको संरक्षण, सम्बर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता वा सम्बद्ध पक्षहरूको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने

ङ) पानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको (मुहान) मूल वा वहाव क्षेत्रको संरक्षण गर्न जैविक खेती प्रोत्साहित गर्ने

च) खानेपानीको मूल वा वहाव क्षेत्र वा सो क्षेत्रका प्राणीमा प्रतिकूल असर पर्ने गरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने

छ) खानेपानीको स्रोत र मुहान संरक्षण सम्बन्धी अन्य कार्य गर्ने

६. **नागरिकको कर्तव्यः** पानीको मूल वा मुहान सफा राख्नु, संरक्षण र संवर्द्धन गर्नु र दिगो रूपमा उपयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

**७. खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापनः**

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको सञ्चालन तथा व्यवस्थापन गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह आफैले वा सङ्गठित संस्था मार्फत गराउन सक्नेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि, आधारभूत खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा आफैंले वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था मार्फत गर्नु वा गराउनु पर्नेछ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा तोकिएको खानेपानी क्षेत्रभित्र खानेपानी प्रणालीबाट तोकिएको परिमाणमा नियमितरुपमा खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ।

(५) अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (४) बमोजिम नियमितरुपमा खानेपानी वितरण गर्न नसकेमा, टयाङ्कर वा अन्य वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपभोक्तालाई उपलब्ध गराउनु पर्नेछ।

(६) अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमितरुपमा खानेपानी वितरण गर्न नसकेमा, त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन।

## परिच्छेद -३

## खानेपानी तथा सरसफाइको जिम्मेवारी तथा दायित्व

**८. घोराही उप-महानगरपालिकाको जिम्मेवारी र दायित्वः-**

(१) घोराही उप-महानगरपालिकामा आधारभूत खानेपानी तथा सरसफाइ सेवा

(२) सरसफाइ सम्बन्धी जनचेतनामा अभिवृद्धि

(३) फोहोरपानी व्यवस्थापन प्रणालीको सञ्चालन

(४) तोकिए बमोजिमको क्षेत्रमा तोकिएबमोजिमको लागत अनुमान वा जनसङ्ख्यालाई खानेपानी सेवा पुर्‍याउने आयोजना

(५) घोराही उप-महानगरपालिकाबाट सञ्चालित खानेपानी तथा सरसफाइ आयोजनाको मर्मत सम्भार र पुनःस्थापना ।

## परिच्छेद -४

अनुमति पत्र सम्बन्धी व्यवस्था

**९. अनुमतिपत्र लिनु पर्नेः**

(१) कसैले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत तथा व्यावसायिक उपयोग गर्न वा गराउन चाहेमा यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तलका कार्यहरू गर्न अनुमतिपत्र लिनु पर्ने छैनः

क) प्रविधि, लगानी र उपभोक्ताको सङ्ख्याको आधारमा तोकिएको साना आयोजना तोकिए बमोजिमका संस्थाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न,

ख) कसैलाई प्रतिकूल असर नपर्ने गरी आफ्नो घर (परिसरको फोहोरपानी भूमिगत अवशोषण गर्न वा कुनै विधिबाट आफ्नो जग्गा जग्गा जमिनमा विसर्जन गर्न,

(ग) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण, संवर्द्धनको कार्य र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता समूहहरूले त्यस्तो कार्य तथा सेवा सञ्चालन गर्न,

(घ) आफ्नो निजी जग्गामा रहेको पानीको स्रोतको घरेलु उपयोगका लागि खानेपानी प्रयोग गर्न ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण, संवर्द्धन र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता समूहहरू यो ऐन प्रारम्भ भएको एक वर्षभित्र सम्बन्धित घोराही उप-महानगरपालिकामा सूचीकृत हुनु पर्नेछ ।

**१०. अनुमतिपत्रका लागि निवेदन दिनुपर्नेः**

(१) यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत वा व्यावसायिक तथा औद्योगिक उपयोग गर्न चाहने सङ्गठित संस्थाले तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि तोकिए बमोजिमको ढाचामा निवेदन दिनु पर्नेछ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि तोकिएको अधिकारी भन्नाले घोराही उप-महानगरपालिकाले तोकेको अधिकारी सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिँदा सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए अन्य विवरण समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा आवश्यक छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा तोकिएको अधिकारीले सो बमोजिमका कागजात पेश गर्न वा स्पष्ट गर्न निवेदकलाई सात दिनको समय दिनु पर्नेछ।

(४) उपदफा ३ बमोजिम दिइएको समयभित्र निवेदकले थप कागजात पेश गरेमा वा थप स्पष्ट गरेमा सो मितिलाई नै निवेदन परेको मिति मानिनेछ।

**११. अनुमतिपत्र दिनु पर्नेः**

(१) दफा १० बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा यस ऐन बमोजिम अनुमति दिन उपयुक्त देखिएमा तोकिएको अधिकारीले देहायको अवधिभित्र आवश्यक शर्त उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछः

क) सानो पूँजी वा लागतको आयोजनाको हकमा निवेदन परेको मितिले तीस दिनभित्र,
ख) ठूला पूँजी तथा लागतको आयोजनाको हकमा सामान्यतया निवेदन परेको मितिले नब्बे दिनभित्र।

(२) यो ऐन प्रारम्भ हुनु अगावै खानेपानी तथा सरसफाइ सेवा आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन तथा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गरिरहेका सङ्गठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र नलिएका सङ्गठित संस्थाले खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन।

**१२. सर्वेक्षण अनुमतिपत्र सम्बन्धी व्यवस्थाः**

(१) खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको सर्वेक्षण गर्न चाहने सङ्गठित संस्थाले तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षणको लागि दिइने अनुमतिपत्रको अवधि बढीमा तीन वर्षको हुनेछ।
(३) उपदफा (२) बमोजिमको अवधिभित्र सर्वेक्षण गर्ने कार्य सम्पन्न गर्न नसकेमा त्यस्तो अनुमतिपत्र स्वतः खारेज हुनेछ।

(४) सर्वेक्षण अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा, दस्तुर, प्रक्रिया र सर्भेक्षण अनुमति शुल्क लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. अनुमतिपत्रको अवधीः**

(१) दफा ११ बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत व्यावसायिक तथा औद्योगिक उपयोग गर्नको लागि दिइने अनुमतिपत्रको अवधि बढीमा पच्चीस वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि थोक, ट्याङ्कर वा बोतलबन्दरूपमा खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायकको हकमा अनुमतिपत्रको अवधि दुई वर्षको हुनेछ ।

(३) दफा ११ बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा नवीकरणको लागि निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नवीकरणका लागि निवेदन दिएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई एक पटकमा पाँच वर्षमा नबढाई अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम नवीकरण नगराउने अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै अनुमतिपत्र प्राप्त संस्थालाई उपदफा (१) मा तोकिएको अवधिभन्दा कम अवधिको अनुमतिपत्र दिइएको रहेछ भने त्यस्तो अनुमतिपत्र

प्राप्त संस्थाले अनुमतिपत्रमा तोकिएको अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगाडी अनुमतिपत्रको अवधि थप गर्न तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम कुनै निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनमा आवश्यक जाँचबुझ गरी आयोजनाको प्रगति हेरी उपदफा (१) को अधीनमा रही पाँच-पाँच वर्षमा नबढ्ने गरी अनुमतिपत्रको अवधि थप गर्नु पर्नेछ ।

**१४. अनुमतिपत्र प्रदान नगरिने:** (१) यस कार्यविधि बमोजिम कुनै सेवा क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत व्यावसायिक तथा औद्योगिक उपयोगको लागि कुनै सङ्गठित संस्थालाई अनुमतिपत्र दिइएकोमा त्यस्तो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा अनुमतिपत्र प्राप्त गरेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्ने गरी अन्य कुनै सङ्गठित संस्थालाई अनुमति पत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अन्य सङ्गठित संस्थालाई अनुमतिपत्र दिन सकिनेछः-

(क) सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा

(ख) नियमित रुपमा खानेपानी वितरण नगरेमा,

(ग) माग अनुसारको खानेपानी आपूर्ति गर्न नसकेमा, वा

(घ) दफा १५ बमोजिम अनुमतिपत्र खारेज भएमा ।

**१५. अनुमतिपत्र खारेजः** (१) देहायको अवस्थामा तोकिएको अधिकारीले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गर्न वा निर्माण कार्य सम्पन्न गरी सेवा सञ्चालन गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा,

(ख) नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब नगराएमा,

(ग) खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे बापत तोकिएको भन्दा बढी शुल्क लिएमा, वा

(घ) अनुमतिपत्रमा उल्लिखित अवधिभित्र आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन नगरेमा।

(२) उपदफा (१) बमोजिम दिएको आदेशको पालना नगरेमा वा अनुमतिपत्रमा तोकिएको शर्तको उल्लङ्घन गरेमा तोकिएको अधिकारीले दफा ११ बमोजिम दिएको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

## परिच्छेद -५

## खानेपानी तथा सरसफाइ सेवा संचालन

**१६. ढल निकास सेवा प्राप्त गर्ने:**

(१) यस कार्यविधि बमोजिम ढल निकास सेवा प्राप्त गर्न चाहने उपभोक्ताले सम्बन्धित सेवा क्षेत्रको अनुमतिपत्र प्राप्त संस्थामा

तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि अनुमतिपत्र प्राप्त संस्थाले ढल निकासको लागि तोकिएको शुल्क लिई तोकिएको समयावधिभित्र ढल निकासको व्यवस्था गरिदिनु पर्नेछ।

**१७. अनुमतिपत्रको हक वा स्वामित्व हस्तान्तरण गर्न स्वीकृति लिनु पर्ने :**

(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो अनुमतीपत्रको हक वा स्वामित्व कसैलाई हस्तान्तरण गर्नु परेमा नगर खानेपानी सरसफाइ तथा जलस्रोत व्यवस्थापन समितिसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उप उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर नगर खानेपानी सरसफाइ तथा जलस्रोत व्यवस्थापन समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा बिक्रि गर्न, हक वा स्वामित्व हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद - ६

## <u>महशुल तथा सेवा सम्बन्धी</u>

**१८. नगर खानेपानी सरसफाइ व्यवस्थापन समितिको गठनः**

(१) घोराही उपमहानगरपालिका भित्र रहेको जलस्रोतको उपयोगको लागि अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि एक ९ सदस्यीय नगर जलस्रोत समिति रहनेछ ।

(२) घोराही उपमहानगर खानेपानी सरसफाइ जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) उप प्रमुख | उपाध्यक्ष |
| (ग) विषयगत क्षेत्र हेर्ने संयोजक | सदस्य |
| (घ) खानेपानी सरसफाइ जलस्रोत दर्ता गर्ने वडाको अध्यक्ष | सदस्य |
| (ङ) उपमहानगरपालिकाको प्राविधिक महाशाखा | सदस्य |
| (च) डिभिजन बन कार्यालय प्रमुख वा प्रतिनिधी | सदस्य |
| (छ) मालपोत कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ज) नापी कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| (झ) खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय प्रमुख/प्रतिनिधी | सदस्य |
| (ञ) घोराही नगर स्तरीय खानेपानी महासंघको अध्यक्ष/प्रतिनिधी | सदस्य |
| (ट) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**१९. खानेपानी सरसफाइ व्यवस्थापन समितिको बैठक र कार्यविधि**

(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(३) बैठकमा कुनै विषयमा थप परामर्श आवश्यक पर्ने भएमा आवश्यकतानुसार सम्बन्धित बिषयको बिज्ञ वा उप-महानगरपालिकाका अन्य कर्मचारी तथा पदाधिकारीलाई अध्यक्षसँग अनुमति लिई सदस्य सचिवले आमन्त्रित गर्न सक्नेछ ।

(४) बैठक सञ्चालनको कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

**२०. महसुल निर्धारण गर्ने आधारः** (१) आयोगले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा सेवा सञ्चालनको लागत, उपभोक्ता मूल्य सूचीको परिवर्तन, खानेपानी तथा सरसफाइ सेवाको सम्बन्धमा नेपाल सरकारको नीति, विदेशी मद्राको विनिमय दर तथा ह्रास कट्टी समेतको आधारमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको आधारमा महसुल निर्धारण गर्दा आयोगले उपभोक्ताको बृहत्तर हितलाई ध्यानमा राखी पानीको गुणस्तर, उपभोक्ताको क्रयशक्ति तथा सेवाको स्तर समेतलाई विचार गर्नु पर्नेछ।

(३) महसुल निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२१. महसुल, शुल्क वा सेवा शुल्क लिन पाउने अधिकारः** (१) नेपाल सरकार आफैले वा सङ्गठित संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गरेको वा आफ्नो नियन्त्रण वा स्वामित्वमा रहेको खानेपानी तथा सरसफाइ आयोजनालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत आयोगले निर्धारण गरे बमोजिमको महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत आयोगले निर्धारण गरे बमोजिमको आधार र मापदण्डको अधीनमा रही महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।

(३) खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ताले अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ।

(४) उपदफा (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित टोल बिकास सस्थाको सिफारिसमा विपन्न व्यक्ति तथा परिवारलाई धारा जडान, शौचालय निर्माण, ढल जडान बापतको शुल्क तथा महसुल लगायत तोकिए बमोजिमको सेवामा तोकिए बमोजिम सहुलियत दिन सक्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "विपन्न व्यक्ति तथा परिवार" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा कम आय भएको व्यक्ति तथा परिवार सम्झनु पर्छ।

## परिच्छेद- ७

## गुणस्तर र मापदण्ड सम्बन्धी

**२२. गुणस्तर र मापदण्ड तोक्न सक्नेः** (१) घोराही उप-महानगरपालिकाले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खानेपानीको गुणस्तर र मापदण्ड तथा सरसफाइ सेवा सम्बन्धी मापदण्ड तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही सो मापदण्डले तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ सम्बन्धमा आवश्यक आवश्यक मापदण्ड तोक्न सक्नेछ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास अवस्थाको लागि खानेपानीको गुणस्तर कायम राख कुनै खास विधि वा तरिका तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम तोकिएको गुणस्तर र मापदण्ड कम्तीमा प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरिनेछ।

(५) यस दफा बमोजिम नेपाल सरकारले तोकेको मापदण्डको पालना गर्न सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**२३. फोहोरपानी मिसाउन नहुनेः** (१) कसैले तोकिएको मापदण्ड विपरीत मानव मलमूत्र सहित वा रहितको फोहोरपानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमूत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय, मानव वस्ती वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन हुँदैन।

(२) कसैले आफूबाट उत्सर्जित फोहोरपानी ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमाभित्र रही मिसाउनु पर्नेछ।

**२४. प्रयोगशालाको स्थापना तथा सञ्चालनः** (१) घोराही उप-महानगरपालिकाले खानेपानी तथा फोहोरपानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## सेवाको अनुगमन तथा निगरानी सम्बन्धी

**२५. निरीक्षक तोक्नु पर्नेः** खानेपानी तथा सरसफाइ सम्बन्धमा तोकिएका गुणस्तर र मापदण्डको कार्यान्वयन, अनुगमन र निगरानीका लागि सम्बन्धित विषयको विज्ञता भएको कुनै कर्मचारीलाई घोराही उप-महानगरपालिकाले निरीक्षक तोक्न सक्नेछ।

**२६. निगरानी गर्नेः** अनुमतिपत्र प्राप्त संस्थाले उपलब्ध गराएको खानेपानीको नमूना संकलन गरी त्यसको परीक्षण तथा विश्लेषणको आधारमा खानेपानीको गुणस्तर तथा निष्काशित फोहोरपानीको मापदण्ड कायम भए नभएको सम्बन्धमा निरीक्षकले नियमित रुपमा निगरानी गर्नु पर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "निगरानी" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रवाहका क्रममा गुणस्तरको न्यूनताबाट जनस्वास्थ्यमा पर्न सक्ने असर वा प्रभावलाई ध्यानमा राखी सेवाको उपयोग र त्यसको गुणस्तर सम्बन्धमा नियमित रूपमा नमूना तथा आवश्यक सूचना संकलन गरी विश्लेषण गर्ने र प्राप्त नतिजाका आधारमा सुधारका लागि सुझाव दिने कार्य सम्झनु पर्छ।

**२७. अनुगमन तथा नियमनः** (१) निरीक्षकले अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा उपलब्ध गराइएको सरसफाइ सेवाको स्तर नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा निरीक्षकले अनुमतिपत्र प्राप्त संस्थाले आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोरपानीको नमूना सङ्कलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा निरीक्षकले खानेपानी तथा सरसफाइ सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

(५) खानेपानी तथा सरसफाइ सेवाको स्तर, गुणस्तर तथा मापदण्डको अनुगमन तथा नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हनेछ।

## परिच्छेद- ९

## कसुर तथा सजाय सम्बन्धी

**२८. कसूर र सजायः** (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) अनुमति नलिई खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको निर्माण वा सञ्चालन गरेमा,

(ख) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा तोकिएको सेवा क्षेत्रभित्र खानेपानी प्रणालीबाट नियमित रुपमा खानेपानी सेवा उपलब्ध नगराएमा,

(ग) खानेपानी सेवा तथा सरसफाइ सेवाको अनाधिकार प्रयोग गरेमा गरेमा वा त्यसको दुरुपयोग गरेमा,

(घ) अनुमतिपत्र प्राप्त संस्थाले जडान गरेको निजी संस्था धारामा उपभोक्ताले सो संस्थाको स्वीकृति विना कुनै अवाञ्छित फाइदा लिने उद्देश्यले कार्य गरेमा,

ङ) खानेपानीको पाइपबाट कुनै यन्त्र जडान गरी अनाधिकार पानी प्रयोग गर्ने कार्य गरेमा,

(च) जलाधार क्षेत्रभित्र खानेपानी प्रदूषित गर्ने वा पानीको परिमाण वा बहावमा असर पर्ने कुनै कार्य गरेमा,

(छ) खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको कुनै संरचना वा जडित पाइप वा सामान वा जडित मिटर वा प्रशोधन प्रणाली वा अन्य उपकरण विगारे वा नष्ट गरेमा,

(ज) तोकिएको मापदण्ड विपरीत मानव मलमुत्र सहित वा रहितको फोहोरपानी ढल निकास प्रणालीमा विसर्जन गरेमा वा मानव वा मानव मलमूत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक पठाएमा, जग्गामा मिसाए वा

(झ) नेपाल सरकारले तोकेको गुणस्तर तथा मापदण्ड बमोजिम सेवा स्तर र गुणस्तर कायम नगरेमा वा तोकिएको गुणस्तर बमोजिमको खानेपानी आपूर्ति नगरेमा,

ञ. अनुमतिपत्र प्राप्त संस्थाले यस ऐन बमोजिम निर्धारण भएको महसुल वा निर्धारित आधार र मापदण्ड विपरीत महसुल लिएमा,

(ट) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कसूर गरेमा देहायबमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गरेमा एक लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय,

(ख) खण्ड (ख), (ग), (घ) र (ट) बमोजिमको कसूर गरेमा एकलाख रुपैयाँसम्म जरिवाना,

(ग) खण्ड (ङ) देखी (ञ) सम्मको कसूर गरेमा तीन महिनादेखि एक वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

## परिच्छेद -१०

## विविध

**२९. स्वीकृति लिनु पर्नेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकायले कुनै संरचना बनाउनु परेमा घोराही उपमहानगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ

**३०. विधान संशोधन :** (१) उपभोक्ता संस्थाले आफ्नो विधान संसोधन गर्नुपरेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा नगर खानेपानी सरसफाइ व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ।

**३१. अनुमति पत्र दस्तुर :** यो कार्यविधि बमोजिम जलस्रोत उपयोग सम्बन्धी कार्य संञ्चालन गर्न अनुमती पत्रको लागि दरखास्त दिँदा अनुसूची -२ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ।

**३२. अनुमतिपत्र नवीकरण गर्नेः** (१) यो कार्यविधि बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि अनुमति-पत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनुसूची -२ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ।

**३३. वार्षिक शुल्कः** अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए बापत घोराही उपमहानगरपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची -२ बमोजिम तोकिए बमोजिम हुनेछ।

**३४. घोराही उपमहानगरपालिकाले निर्देशन दिन सक्नेः** घोराही उपमहानगरपालिकाले जलस्रोत उपयोग सम्बन्धमा नगर खानेपानी सरसफाइ तथा जलस्रोत व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु नगर खानेपानी सरसफाइ तथा जलस्रोत व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**३५. उपभोक्ता समिति वा सस्था गाभिन सक्ने :**

१) खानेपानी तथा सरसफाइका योजना निर्माण, संचालन तथा व्यवस्थापन गर्न गठित दुई वा सो भन्दा बढी मर्ज भै संचालन हुन उपयुक्त लागेमा उपभोक्ता समिति वा सस्था आपसमा गाभिन सक्नेछन ।

२) उपदफा १ बमोजिम उपभोक्ता समिति गाभिदा दुवै संस्थाका साधारण सभाको निर्णय सहित स्वीकृतिका लागि नगर खानेपानी सरसफाइ व्यवस्थापन समिति समक्ष संयुक्त निवेदन दिनुपर्नेछ।

३) उपदफा २ बमोजिम उपभोक्ता समितिहरुले गाभिनको लागि निवेदन पेश गरेमा सोको अध्यन गरी माग बमोजिम दूई वा सो भन्दा बढी उपभोक्ता समिति वा सस्था गाभ्नु उपयुक्त देखेमा नगर खानेपानी सरसफाइ व्यवस्थापन समितिले गाभ्न स्वीकृत दिई एकीकृत सस्थाको रुपमा दर्ता कायम गरिनेछ।

४) यस दफा बमोजिम गभिएका उपभोक्ता समिति वा सस्थाको सम्पति र दायित्व गाभिएछि कायम हुने उपभोक्ता समिति वा सस्थामा सर्नेछ।

**३६. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** उपमहानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

**३७. खारेजी र बचाउ** :खानेपानी सरसफाइ ऐन २०७९ र नियमावाली २०८१ बमोजिम यो कार्यविधि निर्माण गरिएको छ। सो ऐन बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिने छ।

## अनुसूची -१

(दफा ४ को उपनियम १ तथा नियम ६ को उपनियम (१) सँग सम्बन्धित

## खानेपानी तथा सरसफाइ सेवा प्रदान, आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक वा औद्योगिक उपयोग गर्न र ढल निकास सेवा सम्बन्धी अनुमतिपत्रको लागि निवेदनको ढाँचा

श्री........................

............................

खानेपानी तथा सरसफाइ सेवा प्रदान वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको तको सार्वजनिक, संस्थागत, व्यावसायिक वा औद्योगिक उपयोग गर्न र ढल निकास सेवा सम्बन्धी अनुमतिपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन पेस गरेको छु।

१ अनुमतिपत्र लिन चाहने सङ्गठित संस्थाको:

(क) नामः

(ख) ठेगानाः

स्थायीः

अस्थायीः

२ खानेपानी तथा सरसफाइ वा ढल निकास सेवाको किसिमः

३ उपयोग गर्न चाहेको खानेपानी स्रोतको नामः

४ खानेपानी स्रोत रहेको स्थानः-

प्रदेश.................

जिल्ला.............

गाउँपालिका/नगरपालिका.............

वडा नं...................

५ पानीको स्रोतको परिमाणः...........(लि/सेकेण्ड)

६. खानेपानीको लागि स्रोतबाट उपयोग गर्ने पानीको परिमाणः.........(लि/सेकेण्ड

७. खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न लाग्नेः

(क) अनुमानित लागतः

(ख) लगानीको किसिमः

(ग) लगानीको स्रोतः

८. खानेपानी तथा सरसफाइ सेवा सम्बन्धमाः

(क) काम शुरु गर्ने मितिः

(ख) काम सम्पन्न गर्ने मितिः

(ग) सेवाको माग र आपूर्तिको प्रक्षेपणः

(घ) प्रशोधन वा वितरण वा पूर्वाधारको विस्तारः

(ङ) प्रशोधन तथा सेवा व्यवस्थापनमा प्रयोग गरिने प्रविधिको विवरणः

(च) प्रदान गरिने सेवाको स्तरः

९.सेवा उपलब्ध गराउन सकिने मितिः

१०. सेवा सञ्चालन गरिने क्षेत्रः

(क) प्रदेशः
(ख) गाउँपालिका र नगरपालिकाः
(ग) वडा नं.

११. सेवा सञ्चालन गर्दा हुने वार्षिक अनुमानित नाफा नोक्सान आदिको विवरण
(क) अनुमानित सञ्चालन खर्चः
(ख) अनुमानित आयः
(ग) नाफा नोक्सानको हिसाबः
(घ) अनुमानित महसुल दरः

१२ विसर्जन गर्ने फोहोरपानीको स्थान र परिमाणः
(क) स्थानः...........
(ख) परिमाणः...........

१३. निवेदन साथ संलग्न गर्नु पर्ने कागजातः
(क) सङ्गठित संस्थाको कानूनी स्थिति देखिने कागजात,
(ख) खानेपानी तथा सरसफाइ सेवा वा ढल निकास सेवा, आयोजना वा सेवा प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्ने गरी कुनै निकायसँग सञ्चालन तथा व्यवस्थापन करार भएको भए सो सम्झौताको प्रतिलिपि,
(ग) आयोजना स्थलको नक्शा, प्रयोग गरिने खानेपानी स्रोतको विवरण र सोको परिमाण, सरसफाइ आयोजनाको हकमा फोहोरपानी विसर्जन गर्ने स्थान, सेवा सञ्चालन गर्न चाहेको सेवा क्षेत्र, लाभान्वित जनसङ्ख्या, आयोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा सङ्गठित संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरूको नाम, थर र वतन खुलेको विवरण सहितको आयोजनाको विस्तृत विवरण,
(घ) ढल निकास सेवाको हकमा देहाय अनुसारको थप विवरणः
(१) ढल निकास प्रणाली तथा मानव मलमूत्रको हकमा ढुवानी साधनको विवरण,
(२) ढल निकास वा फोहोरपानी सङ्कलन, स्थानान्तरण, प्रशोधन र सुरक्षित विसर्जन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था रहेको पुष्टि हुने कागजात,
(३) ढल निकास व्यवस्थापन गर्ने विधि र तरिका,
(४) सामाजिक दायित्व पूरा गर्ने सम्बन्धमा प्रस्तावित व्यवस्था ।
(ङ) प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता सम्बन्धी कागजात,
(च) सम्भाव्यता अध्ययन प्रतिवेदन,
(छ) कार्य सञ्चालन योजना,
(ज) आयोजनाको अनुमानित वित्तीय व्यवस्था, आयोजनाका लगानी कर्ताहरूको आर्थिक हैसियत, आयोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरूको प्रतिबद्धता र लगानी कर्ताहरूको दायित्व र शेयर पुँजी तथा ऋणको प्रतिशत सहितको वित्तीय अवस्था सम्बन्धी विवरण,
(झ) घर जग्गाको उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र सो को व्यवस्थापन,
(ञ) सर्वेक्षण सम्पन्न भएका आयोजनाको हकमा वातावरणीय अध्ययन प्रतिवेदन,
(ट) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका विवरणहरू ।

निवेदकको.

सहीः
नामः
सम
ठेगानाः
मितिः

## अनुसूची-२

अनुमति पत्रको दस्तुर र अवधि तथा अनुमतिपत्र नवीकरण दस्तुर

१. खानेपानीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत तथा व्यावसायिक उपयोग गर्न गराउन र सरसफाइ तथा ढल निकास सेवाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनुमति पत्रको लागि

नियम ३१,३२,३३ बमोजिम

अनुमति पत्र दस्तुर

१ .बार्षिक शुल्क खानेपानीको हकमा
क ५०० धारा वितरण गर्ने खानेपानी सरसफाइ उपभोक्ता समिति - रु. १०००।
ख ५०० देखि १००० धारा वितरण गर्ने खानेपानी सरसफाइ उपभोक्ता समिति - रु.२०००।
ग १००० देखि १५०० धारा वितरण गर्ने खानेपानी सरसफाइ उपभोक्ता समिति -रु.५०००।
घ १५०० देखि २५०० धारा वितरण गर्ने खानेपानी सरसफाइ उपभोक्ता समिति -रु.१००००।
ङ २५०० देखि माथी धारा वितरण गर्ने खानेपानी सरसफाइ उपभोक्ता समिति रु.१५,०००।
च डिप बोरिङ बाट जल उपलब्ध गराउने (व्यवसायिक प्रयोजनका लागि १ डिप बोरिङ संचालन गरेवापत बार्षिक रु.५०००।
छ एक भन्दा बढी डिप बोरिङ बाट जल उपलब्ध गराउने (व्यवसायिक प्रयोजनका लागि डिप बोरिङ संचालन गरे वापत एकमुष्ट बार्षिक रु.१००००।
२ .मुहान/खानेपानी सरसफाइ उपभोक्ता समिति दर्ता शुल्क रु. १०००
३ .मुहान/खानेपानी सरसफाइ उपभोक्ता समिति बार्षिक नबिकरण दस्तुर रु. २०००
४ .बिधान संसोधन दस्तुर रु. २०००
५.अन्य प्रयोगको लागि घोराही उप-महानगरपालिकाले तोके बमोजिम हुनेछ

## अनुसूची -३

(नियम ४ को उपनियम (६) र नियम ६ को उपनियम (३) सँग सम्बन्धित)

खानेपानी तथा सरसफाइ सेवा प्रदान, आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न/खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक वा औद्योगिक उपयोग गर्न/ढल निकास सेवा सम्बन्धी अनुमतिपत्रको ढाँचा

अनुमति पत्र सङ्ख्या

श्री....

खानेपानी तथा सरसफाइ सेवा प्रदान/आयोजना वा सेवा प्रणालीको नीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न/खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक वा औद्योगिक उपयोग गर्न ढल निकास सेवा सम्बन्धी अनुमतिपत्र पाउन मिति मा दिइएको निवेदन बमोजिम खानेपानी तथा सरसफाइ नियमावली, २०८१ को नियम ४ को उपनियम (६)/नियम ६ को उपनियम (३) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. सङ्गठित संस्थाको पूरा नाम तथा ठेगानाः
२. खानेपानी तथा सरसफाइ सेवाको किसिमः
३. उपयोग गर्न चाहेको खानेपानी स्रोतको नामः
४. खानेपानी स्रोत रहेको स्थानः
प्रदेश
जिल्ला
गाउँपालिका/नगरपालिका
वडा नं.
५. खानेपानीको लागि स्रोतवाट उपयोग गर्ने पानीको परिमाणः (लि./सेकेण्ड)
६. पानीको स्रोत तथा मुहान/प्रशोधित फोहोरपानी विसर्जन गर्ने स्थानः-
७. फोहोरपानीको विसर्जन गर्ने परिमाणः
८. खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न लाग्नेः
(क) अनुमानित लागतः
(ख) लगानीको किसिमः
(ग) लगानीको स्रोतः

९. खानेपानी तथा सरसफाइ सेवा सम्बन्धमाः
(क) काम शुरु गर्ने मितिः
(ख) काम सम्पन्न गर्ने मितिः
(ग) सेवाको माग र आपूर्तिको प्रक्षेपणः
(घ) प्रशोधन वा वितरण वा पूर्वाधारको विस्तारः
(ङ) प्रशोधन तथा सेवा व्यवस्थापनमा प्रयोग गरिने प्रविधिको विवरणः
(च) प्रदान गरिने सेवाको स्तरः

१०. सेवा उपलब्ध गराउन सकिने मितिः
११. सेवा सञ्चालन गरिने क्षेत्रः
(क) प्रदेशः
(ख) नगरपालिका/गाउँपालिका :
(ग) वडा नं.:
१२. अनुमतिपत्र बहाल रहने अवधिः
मिति
१३. अन्य शर्तहरूः-
प्रणाली मापन (क्यालिब्रेशन) कार्यको विधि सुनिश्चित गर्नु पर्ने। सुनिश्चित ।

अनुमतिपत्र दिने अधिकारीको,-
सहीः
नामः
पदः
मितिः

अनुसूची-४
(नियम ४ को उपनियम (७) सँग सम्बन्धित)
<u>अन्तर तह जानकारी गराउनु पर्ने विवरण</u>

१. अनुमति प्रदान गर्ने अधिकारीको नाम र ठेगानाः
२. अनुमति प्राप्त संस्थाको नाम र ठेगानाः
३. खानेपानी तथा सरसफाइ सेवाको किसिमः
४. पानीको स्रोत तथा मुहान/प्रशोधित फोहोरपानी विसर्जन गर्ने स्थानः
५. खानेपानी / फोहोरपानीको परिमाणः
६. खानेपानी तथा सरसफाइ सेवा सम्बन्धमाः
(क) काम शुरु गर्ने मितिः
(ख) काम सम्पन्न गर्ने मितिः
(ग) प्रशोधन वा वितरण वा पूर्वाधारको विस्तारः
(घ) प्रशोधन तथा सेवा व्यवस्थापनमा प्रयोग रिने प्रविधिको विवरणः
(ङ) प्रदान गरिने सेवाको स्तरः
७. सेवा उपलब्ध गराउने मितिः
८. सेवा सञ्चालन गराउने क्षेत्रः
(क) प्रदेशः
(ख)
(ग)
९. अनुमतिपत्र बहाल रहने अवधिः मिति .....देखि .........सम्म ।
१०. अन्य बिवरणः

**अनुसूची-५**
(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

<u>सर्वेक्षण अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा</u>

श्री............

खानेपानी तथा सरसफाइ सेवा/आयोजना/सेवा प्रणालीको आयोजनाको सर्वेक्षण गर्न अनुमतिपत्रको लागि देहायका विषयहरू खुलाई यो निवेदन पेस गरेको छु।

१. सङ्गठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्न चाहेको खानेपानीको स्रोत/ ढल निकास सेवाको नामः

४. खानेपानीको स्रोत रहेको ढल निकास सेवा सञ्चालन हुने

प्रदेशः

जिल्लाः

गाउँपालिका/ नगरपालिकाः

५. सेवा पुयाउने स्थानः

वडा नं.

सेवा सर्वेक्षण गर्न चाहेको क्षेत्रः

६. सर्वेक्षणको अनुमानित खर्चः

७. सर्वेक्षण खर्च व्यहोर्ने स्रोतः

८. अन्य विवरणः

९. दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरूः

(क) स्रोतको सर्वेक्षण सम्बन्धमा आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदन,

(ख) स्रोत सर्वेक्षण गरिने स्थानको नक्सा,

(ग) राष्ट्रिय निकुञ्ज, आरक्ष क्षेत्र, मध्यवर्ती क्षेत्र भित्र पर्ने आयोजनाको हकमा वन तथा वातावरण मन्त्रालय वा अन्तर्गतका कार्यालयको सहमतिपत्र,

(घ) सङ्गठित संस्थाको विधानको प्रतिलिपि,

(ङ) स्रोत अवस्थित स्थानीय तह र लाभान्वित हुने स्थानीय तहको सिफारिस,

(च) आवश्यक अन्य कागजात ।

माथि लेखिएको व्यहोरा ठिक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

सङ्गठित संस्थाको छाप

अनुमतिपत्र दिने अधिकारीको,-

सहीः

नामः

पदः

मितिः

## अनुसूची-६

(नियम ५ को उपनियम (५) सँग सम्बन्धित)

सर्वेक्षण अनुमतिपत्रको ढाँचा

सर्वेक्षण अनुमतिपत्र सङ्ख्या

श्री

तपाईले खानेपानी तथा सरसफाइ सेवा/आयोजना/सेवा प्रणालीको सर्वेक्षण अनुमति पाउन मिति मा निवेदन दिएकोमा खानेपानी तथा सरसफाइ नियमावली, २०८१ को नियम ५ को उपनियम (५) बमोजिम देहाय बमोजिमको खानेपानी तथा सरसफाइ आयोजना सर्वेक्षण गर्न पाउने गरी यो अनुमतिपत्र दिइएको छ।

१. अनुमतिपत्र प्राप्त संस्थाको नाम र ठेगानाः

२. आयोजनाको प्रकारः

खानेपानीः

सरसफाइः

३. सर्वेक्षणको उद्देश्यः

४. सर्वेक्षण गर्ने क्षेत्रः

५. स्रोतको नाम र स्थानः

(क) खानेपानी आयोजनाको हकमा प्रयोग गरिने पानीको परिमाण (लि./सेकेण्ड):

(ख) सरसफाइ आयोजनाको हकमा विसर्जन गरिने फोहोर पानीको परिमाण र गुणस्तरः

६. सर्वेक्षण शुरु गर्नु पर्ने समयः

७. सर्वेक्षण सम्पन्न हुने अवधिः

८. अनुमतिपत्र बहाल रहने अवधिः

९. अनुमतिपत्र प्राप्त संस्थाले पालना गर्नु पर्ने शर्तहरुः

(क)

(ख)

(ग)

(घ)

अनुमतिपत्र दिने अधिकारीको,-

सहीः

नामः

पदः

कार्यालयः
मितिः

## अनुसूची-७

नियम ८ को उपनियम (२), नियम १८ को उपनियम (५), नियम १९ को उपनियम (८) (
तथा नियम २८ को उपनियम (१) सँग सम्बन्धित)

कार्य सम्पादन सूचक

(१) खानेपानी सेवाको मुख्य कार्यसम्पादन सूचकहरू

| कार्यसम्पादन सूचक | | कार्यसम्पादन मानक |
|---|---|---|
| समूह (क): खानेपानी सेवाको स्तर र गुणस्तर | | |
| (अ) | सेवा क्षेत्र | आफ्नो सेवा क्षेत्रमा सेवा उपलब्ध गराएको मध्ये सुचारू रहेका घर/परिसर र सामुदायिक वा सार्वजनिक धारा जडानबाट खानेपानी सेवा उपभोग गर्ने जनसङ्ख्याको प्रतिशत । |
| (आ) | पर्याप्तता | सेवाप्रदायकले उपलब्ध गराएको दैनिक पानीको औसत परिमाण । |
| (इ) | गुणस्तर | राष्ट्रिय खानेपानी गुणस्तरको तुलनामा उपभोक्ताहरूलाई आपूर्ति गरिएको पानीको गुणस्तर । |
| (ई) | विश्वसनीयता | खानेपानी आपूर्तिको निरन्तरता। |
| समूह (ख): सञ्चालन तथा व्यवस्थापन दक्षता | | |
| (अ) | गैर-महसुल पानी | वितरण प्रणालीमा आपूर्ति गरिएको खानेपानीको परिमाण र उपभोक्तालाई बिल गरिएको खानेपानीको परिमाण वीचको भिन्नताको प्रतिशत । |
| (आ) | सञ्चालन अनुपात | खानेपानी सेवाबाट आर्जन भएको कुल वार्षिक रकममा वार्षिक सञ्चालन तथा मर्मत सम्भार खर्चको अनुपात। |
| (इ) | मिटरिङ अनुपात | नेटवर्क प्रणालीका कुल जडानमा सुचारू रहेका पानी मिटरको अनुपात। |

| | | |
|---|---|---|
| (ई) | गुनासो व्यवस्थापन | उपभोक्ताको गुनासो र सो समाधानका लागि गरिएका कार्यहरू अभिलेख गर्ने संयन्त्रको उपलब्धता र गुनासो समाधानको अनुपात । |

२ सरसफाइ तथा ढल निकास सेवाको मुख्य कार्यसम्पादन सूचकहरू

| कार्यसम्पादन सूचक | | कार्यसम्पादन मानक |
|---|---|---|
| समूह (क): सरसफाइ सेवाको स्तर र गुणस्तर | | |
| क | सेवा क्षेत्र | आफ्नो सेवा क्षेत्रमा सेवा उपलब्ध गराएको मध्ये सुचारू रहेको ढल प्रणालीमा जडित घर/परिसर वा मानव मलमूत्र व्यवस्थापनमा समेटिएको जनसङ्ख्याको प्रतिशत । |
| ख | सेवा मापदण्डको अनुपालन | राष्ट्रिय फोहोरपानी उत्सर्जन सम्बन्धी मापदण्डको तुलनामा प्रशोधित मानव मलमूत्र वा फोहोरपानीको गुणस्तर । |
| समूह (ख): सञ्चालन तथा व्यवस्थापन दक्षता | | |
| (अ) | सञ्चालन अनुपात | सरसफाइ सेवाबाट आर्जन गरिएको कुल वार्षिक रकममा वार्षिक सञ्चालन तथा मर्मत सम्भार खर्चको अनुपात। |
| (आ) | गुनासो व्यवस्थापन | उपभोक्ताको गुनासो र तिनको समाधानका लागि गरिएका कार्यहरू अभिलेख गर्ने संयन्त्रको उपलब्धता र गुनासो समाधानको अनुपात । |
| (इ) | सरसफाइ कामदारको स्वास्थ्य र सुरक्षाको अवस्था | सरसफाइ प्रणालीमा कार्यरत सरसफाइ कामदारको स्वास्थ्य र सुरक्षाको लागि सेवाप्रदायकले अपनाएको उपायको अवस्था |
| (ई) | | |

## अनुसूची-८

(नियम ५६ को उपनियम (१) सँग सम्बन्धित)

<u>धारा जडानको लागि दिइने निवेदनको ढाँचा</u>

पासपोर्ट
साइजको
फोटो

श्री (सेवा प्रदायकको नाम)
(सेवा प्रदायकको ठेगाना)

म/हामीलाई खानेपानी सेवाको आवश्यकता परेकोले मेरो/हाम्रो घर ठेगानामा धारा जडान गरी दिनु हुन निवेदन गर्दछु/गर्दछौं। खानेपानी सेवाको लागि तोकिएको महसुल दर बमोजिम महसुल तिर्न र प्रचलित कानून तथा सेवा प्रदायकका शर्तहरू पालना गर्न स्वीकार स्वीकार गर्दछु/गर्दछौं।

१. नामः

२. ठेगानाः

घर नं.-

टोल -वडा नं.

न.पा./गा.पा.:

जिल्ला-

फोन नं. -मोबाईल ईमेल -

३. बाबुको नामः

४. आमाको नामः

५. बाजेको नामः

६. जग्गाधनी प्रमाण पूर्जा नं.:

७. जग्गाको ....... क्षेत्रफल वर्ग मि./ वर्ग फिट

८. नक्सा पास प्रमाणपत्र नं.:

९. घरको क्षेत्रफलः

वर्ग मि./ वर्ग फिट

१०. कित्ता नं.

११. चार किल्लाको विवरण

पूर्वः

पश्चिमः

उत्तरः

दक्षिणः

१२. माग गरेको खानेपानी सेवाको प्रयोजनः

१३. खानेपानी उपभोग गर्नेको सङ्ख्याः

१४. खानेपानी दैनिक मागः लिटर

१५. माग गरेको खानेपानीको उपयोग (कुन किसिमको आवश्यकता हो तल उल्लेख भएकोमा घेरा लगाउनु होस्)

ग्राहस्थ ☐

औद्योगिक ☐

व्यापारिक ☐

अन्य

१६. उक्त ठाँउमा पहिले जडान भै रहेको भए

नामः

ग्राहक सङ्ख्याः

एरिया नं.:

१७. सधियार वा घर नजिकको धाराको
नामः
घर नं.ः
ग्राहक सङ्ख्याः
एरिया नं.ः
१८. घरको उचाई (जमिन देखि)ः मिटर
१९. अन्य विवरणः
उपरोक्त विवरण सबै ठीक छ, फरक परेमा म/हामी जिम्मेवार हुनेछु/छौं। खानेपानी सेवा प्राप्त गर्न त्यस संस्थाले तोकेको सेवा उपलब्ध गराउँदा प्रयोग हुने सामग्रीको अनुमानित लागत रकम र धारा जडान शुल्क तोकिएको समय सीमाभित्र जम्मा गर्नेछु ।

निवेदकको नामः
कार्यालय को छाप
सहि..............
नागरिकता नं. र
जारी भएको जिल्ला

मितिः
निवेदक सरकारी कार्यालय / संस्था भएमा
त्यसको आधिकारिक व्यक्तिको नाम :
सही :
दर्जा :
सरकारी कार्यालय / संस्थाको नाम :
सहीः

औंठा छाप

संलग्न कागजातहरूः
(१) निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
(२) संस्थाको हकमा संस्था दर्ता, नवीकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

पासपोर्ट साइजको फोटो

## अनुसूची-९

(नियम ६० को उपनियम (१) सँग सम्बन्धित)

ढल निकास सेवा जडानको लागि दिइने निवेदनको ढाँचा

श्री (सेवा प्रदायकको नाम)

(सेवा प्रदायकको ठेगाना)

म/हामीलाई ढल निकास सेवाको आवश्यकता परेकोले मेरो/हाम्रो घर ठेगानामा ढल लाईन जडान गरी दिनु हुन निवेदन गर्दछु/गर्दछौं। ढल निकास सेवाको लागि तोकिएको महसुल दरबमोजिम महसुल तिर्न र प्रचलित कानून तथा सेवा प्रदायकका शर्तहरू पालना गर्न स्वीकार गर्दछु/गर्दछौं।

१. नामः

२. ठेगानाः

घर नं.

टोल

वडा नं.

न.पा./गा.पा.ः

जिल्ला

फोन नं.

मोवाईल नं. ईमेल-

३. बाबुको नामः

४. आमाको नामः

५. बाजेको नामः

६. जग्गाधनी प्रमाण पुर्जा नंः

७. जग्गाको क्षेत्रफलः वर्ग मि./ वर्ग फिट

८. नक्सा पास प्रमाणपत्र नं.ः

९. घरको क्षेत्रफलः वर्ग मि./ वर्ग फिट

१० कित्ता नं.

११. चार किल्लाको विवरण

पूर्वः

पश्चिमः

उत्तरः

दक्षिणः

१२. ढल निकास सेवा आवश्यकताको कारणः

१३. ढल निकास सेवा उपभोग गर्नेको सङ्ख्याः

१४. उत्सर्जित हुने ढलको दैनिक परिमाणः लिटर

१५. माग गरेको ढल निकास सेवाको उपयोग (कुन किसिमको आवश्यकता हो तल उल्लेख भएकोमा घेरा लगाउनु होस्)
ग्राहस्थ
औद्योगिक
व्यापारिक
अन्य
१६. उक्त ठाउँमा पहिले जडान भई रहेको भए
नामः
ग्राहक सङ्ख्याः
एरिया नं.:
१७. सँधियार वा घर नजिकको धारावालाको
नामः
ग्राहक सङ्ख्याः
घर नं.:
आयोग
एरिया नं.:
१८. घरको उचाई (जमिन देखि): मिटर
१९. अन्य विवरणः
उपरोक्त विवरण सबै ठिक छ फरक भएमा त्यसको लागि म/हामी जिम्मेवार हुने छु/छौं। ढल निकास सेवा प्राप्त गर्न त्यस संस्थाले तोकेको सेवा उपलब्ध गराउँदा प्रयोग हुने सामग्रीको अनुमानित लागत रकम र ढल निकास सेवा जडान शुल्क तोकिएको समय सीमाभित्र जम्मा गर्नेछु।
मितिः
निवेदक सरकारी कार्यालय / संस्था भएमा
त्यसको आधिकारिक व्यक्तिको नाम :
सही :

कार्यालय को छाप

निवेदकको नाम :

नागरिकता नं. र जारी भएको जिल्लाः

सही :
दर्जा :
सरकारी कार्यालय / संस्थाको नाम :

संलग्न कागजातहरूः
(१) निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
(२) संस्थाको हकमा संस्था दर्ता, नवीकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**अनुसूची-१०**
(नियम ७४ को उपनियम (३) सँग
सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदनको ढाँचा

१. पृष्ठभुमिः

२. सुनुवाई गरेको स्थान, मिति र समयः

३. सुनुवाईको विषयवस्तुः

४. सहभागी सङ्ख्याः

५. कार्यक्रमको संयोजकः

६. कार्यक्रममा सहभागी वक्ताको नाम, थर ठेगाना र निजले व्यक्त गरेको प्रश्न वा जिज्ञासा वा गुनासोको संक्षिप्त व्यहोराः

(क)

(ख)

(ग)

(घ)

(ङ)

७. सहभागी वक्ताले सोधेका प्रश्न वा जिज्ञासा र यसमा आयोगको तर्फबाट संयोजकले दिएको उत्तरको सारांशः

८. सहभागीको धारणाको तथ्य विश्लेषणः

९. कार्यक्रमबाट हासिल उपलब्धि र सुझावः

१०. समितिको निश्कर्ष र सुझावः

११. अन्य सम्बन्धित विषयः

प्रतिवेदक

(१)

(२)

(३)

(४)

(५)

मितिः

## अनुसूची-११

(नियम ८३ को उपनियम (२) सँग सम्बन्धित)

उपभोक्ता संस्थाले बुझाउनु पर्ने वार्षिक प्रतिवेदनको ढाँचा

श्री.........................

................उपमहानगरपालिका,

१. आयोजनाकोः

(क) नामः

(ख) स्थलः

(ग) लागत अनुमानः

(घ) आयोजना शुरु भएको मितिः

(ङ) आयोजना सम्पन्न मितिः

(च) आयोजनाको अवस्था (चालु / सम्पन्न / मर्मत सम्भार/पुनर्निर्माण गर्न पर्ने आदि):

२. उपभोक्ता संस्थाको विवरणः

(क) नामः

(ख) अध्यक्षको नामः

(ग) सदस्य सङ्ख्याः महिला

३. सेवा प्रदान शुरु गरिएको मितिः

४. ग्राहक सङ्ख्याः (क) नियमित

५. पछिल्लो सार्वजनिक परीक्षण भएको

आयोग

नाम

कानून

पुरुष..... जम्मा....

(ख) सेवा विच्छेद भएको

(क) मितिः

(ख) स्थानः

(ग) समयः

६. पछिल्लो साधारण सभा भएको मिति र उपस्थिति (उपस्थितिको छाँयाप्रति संलग्न गर्नु पर्ने):

| नाम | ठेगाना/सम्पर्क नम्बर | पद |
|---|---|---|

७. प्रणालीका मुख्य संरचनाको विवरणः

(क) इन्टेक/सम्पवेल/बोरिङ्गको सङ्ख्या र पानीको परिमाणः

(ख) प्रशारण तथा वितरण पाइपलाईन ढल प्रणालीको लम्बाई (कि.मि.):

(ग) पानी ट्याङ्कीको सङ्ख्या र कुल क्षमता (घन मिटर):

(घ) प्रशोधन प्रणालीको किसिम र क्षमताः

(ङ) अन्य मुख्य संरचनाहरूः

८. खानेपानी/फोहोरपानीको उत्पादन परिमाणः

(क) उत्पादित खानेपानीको परिमाणः

(ख) खपत भई बिलमा चढेको खानेपानीको परिमाणः

(ग) उत्पादित फोहोरपानीको परिमाणः

(घ) सुरक्षित रुपमा विसर्जित फोहोरपानीको परिमाणः

९. उपभोक्ता संस्थाले पेस गरेको आम्दानी र खर्चको विवरणः

(क) आम्दानीको विवरण

| विवरण | रकम रु. |
|---|---|
| (अ) महसुल, सेवा शुल्क वापतः | |
| (आ) गाउँपालिका / नगरपालिका / सहयोगी | |
| (इ) अनुदानः | |
| (ई) जनसहभागिताः | |
| (उ) श्रमदानः | |
| (ऊ) अन्यः | |

(ख) खर्चको विवरण

| विवरण | रकम रु. |
|---|---|
| (१) सञ्चालन तथा व्यवस्थापन तर्फः | |
| (अ) कर्मचारीको पारिश्रमिकः | |
| आ) बिजुली/टेलिफोन महसुलः | |
| (इ) प्रशासनिक खर्चः | |
| (ई) अन्यः | |
| २) पूर्वाधार निर्माण / मर्मत सुधारमा भएको | |
| अ) निर्माण सामग्रीः | |
| (आ) कामदारः | |
| (इ) ढुवानीः | |
| (ई) मेसनरी औजारः | |
| जम्मा खर्चः | |

१०. गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

११. उपभोक्ता संस्थाको आम्दानी र खर्च तथा पेस गरेको प्रतिवेदनमा सार्वजनिक परीक्षण गर्दा उपस्थित व्यक्तिहरूको प्रतिक्रिया तथा सुझावः

| क्र.सं. | सुझावकर्ताको नाम थर | सुझावको क्षेत्र, प्रतिक्रिया तथा सुझावको सार संक्षेप | कैफियत |
|---|---|---|---|

१२. सबै सरोकारवालालाई संस्थाको वार्षिक प्रतिवेदन सूचित गर्न सार्वजनिक स्थलमा सूचना टाँस/प्रकाशन भए/नभएकोः-

| | | |
|---|---|---|
| .............<br>नाम<br>सहजकर्ता/प्राविधिक | .............<br>नामः<br>उपभोक्ता समितिको अध्यक्ष | .............<br>नाम<br>गाउपालिका/नगरपालिका<br>पदाधिकारी |

प्रतिवेदन बुझाएको मितिः

आज्ञाले
ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत